# *सम्यक् सम्बुद्ध* महाकाव्यमा बुद्धकरुणा

**पशुपति न्यौपाने**
उपप्राध्यापक, पाटन बहुमुखी क्याम्पस, ललितपुर
इमेल : pashupatiuss@gmail.com

DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86360

**लेखसार**

*प्रस्तुत लेखमा कवि घनश्याम कँडेलको 'सम्यक् सम्बुद्ध' महाकाव्यमा प्रस्तुत बुद्धकरुणाको अन्वीक्षण गरिएको छ । बुद्धकरुणा भनेको बुद्धद्वारा दुःखमुक्तिसाधनाबाट स्वआर्जित ज्ञान, पीडित जीवात्माप्रतिको प्रेम, समानुभूति, सहयोग एवम् उद्धारको भावना अथवा कार्य हो । 'सम्यक् सम्बुद्ध' महाकाव्यमा बुद्धकरुणा के-कसरी अभिव्यक्त भएको छ भन्ने शोधप्रश्नमा केन्द्रित भई प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ । कँडेलले यस महाकाव्यमा कोण्डन्यले सम्पादन गरेको 'सम्यक् सम्बुद्ध' का अतिरिक्त बुद्धका जीवनीहरूभित्र प्रस्तुत बुद्धको समग्र जीवनलाई विश्लेषणात्मक ढङ्गले हेरी महत्त्वपूर्ण घटना र प्रस्तुतिलाई मधुर काव्यात्मक अभिव्यक्ति दिएका छन् । यस आलेखमा भने खास गरी सिद्धार्थले बुद्धत्व प्राप्त गरेपछि कहाँ कहाँ गएर केकस्तो करुणादेशना दिए र ककसलाई करुणामय कृपा र उद्धार गरे अनि त्यसले वर्तमान संसारका लागि केकस्तो महत्त्व राख्छ भन्ने कुरा 'सम्यक् सम्बुद्ध' महाकाव्यमा जेजसरी व्यक्त भएको छ, त्यसको करुणामूलक ढङ्गबाट विश्लेषण गरिएको छ । महानता प्राप्तिको पहिलो सर्त त्याग हो । सिद्धार्थको त्याग र साधनाबाट आर्जित ज्ञान पञ्चशील, अष्टाङ्ग मार्ग, चार आर्यसत्य आदि वर्तमान विश्वका लागि लाभदायक छन् भन्दै पीडा र गलत मार्गमा परेका व्यक्तिप्रति बुद्धको करुणापूर्ण व्यवहार देखाई गुरु, नेतृत्व र न्यायाधीशको कर्तव्यतर्फ सङ्केत गर्नु प्रस्तुत महाकाव्यको उद्देश्य हो भन्ने कुरा यस लेखमा स्पष्ट पारिएको छ । गुणात्मक अनुसन्धान विधि एवम् पाठविश्लेषणात्मक ढाँचा अवलम्बन गरिएको यस लेखमा गुरु, नेता र न्यायाधीशमा बुद्धमा जस्तै आदर्श, नैतिकता र करुणा हुनपर्छ भन्ने सारवस्तुलाई लिई प्रस्तुत महाकाव्य रचिएको हो भन्ने कुराको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : उद्धार, त्रिरत्न, दिव्यदृष्टि, देशना, सद्धर्म ।

## विषयपरिचय

*सम्यक् सम्बुद्ध* कवि घनश्याम कँडेलद्वारा बुद्धको जीवनीलाई विषयवस्तु बनाई रचना गरिएको महाकाव्य हो । उनले *देवयानी* (२०३९) बाट काव्ययात्रा सुरु गरी *सम्यक् सम्बुद्ध*सम्म आइपुग्दा नौवटा काव्यकृति प्रकाशित गरिसकेका छन् । समालोचनाका क्षेत्रमा पनि कँडेलको योगदान उल्लेखनीय छ, तापनि उनका लेखकीय व्यक्तित्वको खास अभिरुचि र योगदानको क्षेत्र काव्यसिर्जना हो र उनका यसै सिर्जनधर्मिताको पछिल्लो प्रबन्धात्मक प्राप्तिपूर्ण रचना *सम्यक् सम्बुद्ध* महाकाव्य हो । चौबिस सर्गको यस बृहत् महाकाव्यमा सर्गान्तमा छन्द परिवर्तन गर्ने पूर्वीय महाकाव्य मान्यताका साथ एघार छन्दको प्रयोग गरिएको छ । ४० देखि २४० श्लोकसम्मका

सर्गहरूबाट यस महाकाव्यको सर्गबद्धता तयार भएको छ । सिद्धार्थले करुणासाधनाबाट बोधिसत्व हुँदै बुद्धत्वमा पुगेर संसारलाई करुणाको ज्ञान प्रदान गरी महापरिनिर्वाण प्राप्त गरेका घटनासम्मको विषयवस्तुगत सेरोफेरोको वर्णन यस महाकाव्यमा गरिएको छ । कवि घनश्याम कँडेलले कोण्डन्यले सम्पादन गरेको *सम्यक सम्बुद्ध*मा उल्लेखित विषयवस्तुका अतिरिक्त बुद्धको समग्र जीवनीबाट सारभूत कुराहरू टिपेर प्रौढ अनुभूति, दार्शनिक चिन्तन र गहन काव्यात्मक अभिव्यक्तिका साथ यस महाकाव्यको आन्तरिक स्वरूप निर्माण गरेका छन् । यसको एघारौँ सर्गसम्म सिद्धार्थको दुःखमुक्तिसाधनाको वर्णन गरिएको छ । राजसी सुखसयल त्यागेर कठोर तपश्चर्याबाट सिद्धार्थ बोधिसत्व हुँदै बुद्ध बनेपछि उनले करुणाको ज्ञान बाँड्न थालेको कुरा यस महाकाव्यको बाह्रौँ सर्गदेखि व्यक्त गरिएको छ । यसपछि सङ्घ र बिहार स्थापना अनि ज्ञानको प्रचारका साथ पीडित पात्रको करुणामय उद्धार उनको जीवनको उद्देश्य भएको छ । यस आलेखमा उनको यही उद्देश्यलाई मुख्य रूपमा व्याख्याविश्लेषण गर्ने काम भएको छ । सम्यक् सम्बुद्धको तात्पर्य बुद्धत्वका सम्पूर्ण तह पार गरेका, पूर्ण सचेत, पूर्ण ज्ञान प्राप्त सर्वोच्च बुद्ध, जसले संसारमा अनगिन्ती शिष्य बनाई आफूले प्राप्त गरेको ज्ञान बाँडेका छन् भन्ने हुन्छ । यसमा खास गरी बुद्धको गुरु, नेता र न्यायाधीश व्यक्तित्व अनुकरणीय छ भनिएको छ । गुरुका रूपमा उनले करुणाज्ञान बाँडेका छन् भने नेताका रूपमा उनले अभाव र आवश्यकतामा परेका पात्रको करुणामय उद्धार गरेका छन् अनि न्यायाधीशका रूपमा उनले सूर्यको प्रकाश जस्तै समान रूपमा सबैलाई न्याय दिलाएका छन् ।

प्रस्तुत आलेखमा बुद्धकरुणाका दृष्टिले *सम्यक् सम्बुद्ध* महाकाव्यको विश्लेषण गर्दा सिद्धार्थ गौतमका भोग, त्याग, योग र मुक्तिसमेतका दृष्टिकोणको पनि उपयोग गरिएको छ । बौद्ध दर्शनमा करुणाको विशिष्ट स्थान छ । बुद्धको जीवनको सम्पूर्ण प्राप्ति भनेकै करुणा हो । ध्यानसाधनाबाट प्राप्त करुणाको ज्ञानका कारण सिद्धार्थ बुद्ध बनेका हुन् र त्यसकै प्रचारबाट उनी सम्यक् सम्बुद्ध भएका हुन् । उनले विवाह गरेर पत्नीसुख लिए, यशोधराबाट पुत्र प्राप्त गरी लोकधर्म निर्वाह गरे अनि राज्यभोग र परिवार त्याग गरेर वैरागी जीवन बिताए । बुद्धको जीवन भनेको भोग, त्याग, योग र मुक्तिको सन्तुलन हो । सिद्धार्थले उनन्तिस वर्षसम्म भोग गरे, पैँतिस वर्षसम्म त्याग र योग गरी बोधिसत्व बने, त्यसपछि बुद्धत्व प्राप्त गरी सम्यक् सम्बुद्ध भएर संसारलाई दुःखमुक्तिको मार्गका रूपमा करुणाज्ञान प्रदान गरे । बुद्धको जीवनीबाटै मानिसले भोग, त्याग, योग र निर्वाणको सन्तुलित जीवन बाँच्ने प्रेरणा लिन सक्छ । मानवले त्यागका माध्यमबाट मात्रै आन्तरिक सुख र मुक्तिको मार्ग पहिल्याउन सक्छ भन्ने सन्देश बुद्धले दिएका छन् । वर्तमान मानवले बुद्धकरुणालाई अवलम्बन गर्न सके जीवन सार्थक हुने आशय प्रस्तुत महाकाव्यमा व्यञ्जित छ भन्ने कुराको निर्क्योल यस आलेखमा गरिएको छ ।

अध्ययनका सन्दर्भमा प्राप्त सामग्रीहरूलाई केलाउँदा प्रस्तुत कृतिका सन्दर्भमा खास अध्ययन भएको नपाइएकाले यसको विशेष महत्त्व अथवा उपादेयता रहने देखिन्छ । अझ नेपाली साहित्यमा करुणाका कोणबाट कृतिलाई हेर्ने परम्पराको विकास नभइसकेको सन्दर्भमा यस अध्ययनले केही मात्रामा त्यस क्षेत्रमा योगदान गर्छ र यसपछिका अध्ययनकर्तालाई मार्गदर्शन हुन्छ भन्ने कुरामा समेत विश्वास गर्न सकिन्छ । कृतिलाई अध्ययन गर्न सकिने विविध पाटा भए पनि अन्त नबरालिई बुद्धकरुणाको कोणबाट माात्र कृतिलाई विश्लेषण गर्नु यस आलेखको सीमा हो । *सम्यक् सम्बुद्ध* महाकाव्यमा बुद्धकरुणाको अभिव्यक्ति के कसरी भएको छ भन्ने शोधप्रश्नमा केन्द्रित भएर त्यसका

सन्दर्भहरू ठम्याई तिनको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो । बुद्धकरुणाको अन्वीक्षण गर्ने सन्दर्भमा *सम्यक सम्बुद्ध*भित्रका सन्दर्भहरूलाई बुद्धको करुणामय दैनिकी, बौद्ध सङ्घ र बिहारको स्थापना : करुणाज्ञानको सम्प्रसार, बुद्धकरुणाद्वारा पीडितको उद्धार, बुद्धको करुणाज्योति र सोपाकको उद्धार, करुणाशक्तिद्वारा दुष्पात्रमा कृपा, बुद्धन्याय र निष्कर्ष जस्ता उपशीर्षक राखेर पाठविश्लेषणलाई पूर्ण गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत गुणात्मक अनुसन्धानमा बौद्धकरुणासँग सम्बन्धित अवधारणाका लागि नेपाली, अङ्ग्रेजी, हिन्दी र संस्कृत भाषामा प्राप्त भएका सामग्रीलाई सूक्ष्म पठन गरी निचोड निकालिएको छ । मूलतः पाउल गिल्बर्टको *कम्प्यासन कन्सेप्ट्स रिसर्च एन्ड एप्लिकेसन्स,* लेज्लाई ए. मेरिमेनको क्लरिफाइङ दि *कन्स्ट्रक्ट अफ कम्प्यासन,* दलाई लामाको *टुवर्ड्स् दि टु किनसिप अफ फेथ,* मदनमणि दीक्षितको *अमृतत्त्व र कारुणिकता* अनि बौद्ध धर्मगुरुका करुणासम्बन्धी व्याख्या भएका कृतिबाट करुणासम्बन्धी अवधारणा तयार गरिएको छ । अध्ययनको प्राथमिक स्रोत घनश्याम कँडेलको *सम्यक् सम्बुद्ध* महाकाव्य र यसको विषयवस्तुगत मूल स्रोत कोण्डन्यले सम्पादन गरेको *सम्यक् सम्बुद्ध,* अश्वघोषको *बुद्ध चरित्र* अनि बौद्ध धर्मगुरुका बुद्ध र बोधिसत्वका जीवनीलाई उपयोग गरी पाठ एवं घटनाविश्लेषणका आधारमा यो आलेख तयार गरिएको हो । विभिन्न पुस्तक, पत्रपत्रिका, इन्टरनेट आदिबाट प्राप्त सामग्रीलाई पनि द्वितीयक स्रोतका रूपमा यस अध्ययनमा उपयोग गरिएको छ । यसमा पाठविश्लेषणात्मक ढाँचा अनि व्याख्यात्मक एवम् तार्किक शैलीको उपयोग गरिएको छ । यसका सन्दर्भहरूलाई एपिए ढाँचामा प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनको आधार बौद्ध दर्शनमा अन्तर्निहित करुणाको अवधारणा हो । करुणा भनेको दुःखीप्रतिको मानवीय समवेदना वा दुःखी प्राणीलाई देखेपछि मनमा उत्पन्न प्रेम, सेवा, उद्धार, उपकार, सरोकार आदिका माध्यमबाट त्यस प्राणीलाई दुःखबाट मुक्त गर्ने चाहना हो । यसमा प्रेम, दया, सहयोग, सद्भाव, उद्धार, कल्याण, सहानुभूति, समानुभूति, सरोकार, कृपा, दान, सेवा, श्रद्धा, भक्ति, वात्सल्य, समानता, स्वतन्त्रता, भ्रातृत्व आदिको भावना (नेउपाने, २०२२, पृ. ३०२) हुन्छ । बौद्ध धर्मका अनुसार करुणाको अर्थ सबै मानिस र चेतनशील प्राणी दुःख र दुःखको कारणबाट मुक्त होऊन् भन्ने हो । दुःखमाथि विजय प्राप्त गर्ने एउटै आधार करुणा हो भनी बुद्धले सिकाएका छन् । व्यक्ति र समाजमा क्रोध, लोभ, मोह, मात्सर्य, ईर्ष्या, मद, काम, पैशुन्य आदि लहरझैँ उठ्छन् र आफै सेलाउँदै जान्छन्, परन्तु करुणा त्यस्तो शाश्वत र स्थायी मनोभाव हो, जसले व्यक्तिलाई महात्मा र समाजलाई सहिष्णु, उदार, सुसंस्कृत तथा समृद्ध मानवतावादी बनाउँछ (दीक्षित, २०५३, पृ. ८४) । करुणावान् मानिसमा मेरो आत्मसम्मानलाई कसैले छिन्दैन, त्यसलाई म आफैँले गुमाउने हो (इनामदार, सन् २००५, पृ. डिसेम्बर १४) भन्ने अनुभूति हुन्छ । बौद्ध दर्शनले सम्पूर्ण समस्याको समाधान करुणालाई मानेको छ । मिलारेप्पाको जीवनीमा पनि प्रज्ञा र करुणाको शक्ति असीमित भएकाले तिर्यक योनीका प्राणीलाई सद्धर्म देशना गरेर विपाक र मुक्तिको मार्गमा स्थापित गर्न सक्षम हुनुभयो (शाक्य, २०६४, पृ. ५) भनिएको छ । बौद्ध सन्तको उद्देश्य करुणासाधना गरी निर्वाण प्राप्त गर्ने हुन्छ । उनीहरू आफू र अन्य जीवात्मा दुःखबाट मुक्ति र सुख प्राप्तिको

कामनाका लागि समान छन् (लामा, सन्. २०१४, पृ.९) भन्ने सोचे मात्र पनि करुणा उत्पन्न हुन सक्छ भन्छन् । हिमाली बौद्ध दर्शनले यो जन्मलाई पूर्वकर्मको फल मानेको छ र यस जन्ममा पाप गरे त्यसले जन्मजन्मान्तर पिर्छ भनेको छ । बौद्ध दर्शनले कायिक, वाचिक र मानसिक तीन पापको चर्चा गरेको छ र तिनलाई वर्जित ठानेको छ । कायिकमा हत्या, चोरी र यौन दुराचार, वाचिकमा भुटो बोल्नु, विभाजनकारी दुर्वचनमा सामेल हुनु, कठोर शब्द बोल्नु र अर्थहीन कुराकानीमा संलग्न हुनु अनि मानसिकमा लालच, दुराशय र गलत विचारलाई प्रश्रय दिने कुरा पर्दछन् (लामा, २०१०, पृ. १११) । बौद्धकरुणाले धर्मादेशमा वर्जित कर्म नगर्नुलाई विशेष महत्त्व दिन्छ । धर्मदर्शनले भनेको पापकर्म नगर्नेबित्तिकै मान्छे नीति, आदर्श र सत्कर्ममा बाँच्न थाल्छ र ऊ स्वतः करुणावान् बन्छ । खास गरी बौद्ध दर्शन भनेकै करुणादर्शन हो । दुःख छ र दुःखको कारण छ भन्दै यसले द्वादश निदानलाई देखाएको छ । दुःखको निवारण छ, दुःखको निवारणका लागि मार्ग छ भनेर यसले अष्टाङ्ग मार्ग भन्दै करुणाको मार्ग देखाएको हो । यसले प्रस्तुत गरेको पञ्चशीलले पनि करुणामय जीवनतर्फ सङ्केत गरेको छ । बुद्धले सम्पूर्ण जीवात्माप्रति करुणाको भावना राखेर नै असल गुरु, नेता र न्यायाधीश भए । यही बौद्ध दर्शनका आधारमा *सम्यक् सम्बुद्ध* महाकाव्यमा व्यक्त बुद्धकरुणाको अन्वीक्षणका निम्ति बुद्धको करुणामय दैनिकी, बौद्धसङ्घ र बिहारको स्थापना : करुणाज्ञानको सम्प्रसार, पीडितको करुणामय उद्धार, करुणाशक्तिद्वारा दुष्पात्रमा कृपा, बुद्धन्याय आदि जस्ता उपशीर्षकहरू तयार गरिएको छ ।

## विमर्श र नतिजा

*सम्यक् सम्बुद्ध* महाकाव्यमा बुद्धको जीवनका महत्त्वपूर्ण घटनाहरूले काव्यात्मक अभिव्यक्ति पाएका छन् । खास गरी बुद्धले पैँतिस वर्षको उमेरमा करुणाज्ञान प्राप्त गरी त्यसपछिको समग्र जीवन सारा जीवात्माको उद्धारका निम्ति व्यतीत गरे । उनले सम्पूर्ण जीवात्मालाई समभावले हेरी आवश्यकतामा परेकालाई उद्धार गर्ने काम गरेका छन् । आफू मात्र बनूँ भन्ने वर्तमान संसारका लागि करुणाज्ञान आवश्यक भएकाले यस आलेखमा बुद्धका करुणामय कार्यहरूलाई अन्वीक्षण गरिएको छ ।

### बुद्धको करुणामय दैनिकी

बुद्धको दैनिकीमा नै करुणा सन्निहित छ । बिहान चार बजे उठी नित्यकर्म सकेर ध्यान गरी निर्वाणानन्दको अनुभूति गर्नु, त्यसपछि लोकमङ्गलका लागि उद्धार गर्नुपर्ने को छ भनेर आफ्नो दिव्यदृष्टि घुमाउनु, आर्त नजिकै भए पैदल अनि टाढा भए अदृश्य गतिमा जानु ( कँडेल, २०५८, पृ. २७४), इच्छुकलाई दीक्षा दिने काम सकेर मध्याह्नपछि भोजन गरी पुनः सद्धर्मको देशना दिनु, शयनकक्षमा दाहिने कोल्टो परी सुत्नु, करुणार्द्र बनेर उठी दिव्यदृष्टिले हेरेर आवश्यक भए प्रातमै पुग्नु, नभए व्याख्यान कक्षमा देशना दिनु, सामान्यलाई शील, सदाचार के हुन् भनी बुझाउनु, प्रबुद्धलाई निर्वाण हुँदा के हुन्छ भनी बताउनु, छदेखि १० बजेसम्म प्रायः देशना नै चलाउनु र राति दुई बजेपछि व्यायाम गर्नु बुद्धको दैनिकी थियो । दुःखीको दुःख अनुभूत गरी त्यसको उद्धार गर्नु र मानवलाई सद्धर्ममा डोऱ्याउनु बुद्धकरुणा हो । जीवात्माको उद्धार र उपकारमै समय बिताउने बुद्धको दैनिकी नै करुणामय थियो ।

**बौद्धसङ्घ र बिहारको स्थापना : करुणाज्ञानको सम्प्रसार**

सिद्धार्थले विभिन्न ठाउँमा फरक फरक गुरुका सान्निध्यमा रहेर ६ वर्षको अथक, अविचलित र कठिन ध्यानसाधना एवं सात सप्ताहको कठोर परीक्षणपश्चात् बुद्धत्व प्राप्त गरी मृगदायमा पुगेर पञ्च ब्राह्मण कोण्डन्य, वप्प, भद्दिय, महानाम, अस्सजी (कोण्डन्य, २०६०, पृ.२३) लाई भेटेर तिनलाई शिष्य तुल्याई प्रारम्भमा छ जनाको बौद्धसङ्घ निर्माण गर्छन् । त्यहीँ चालित ध्यान गर्दा भोगविलासले वाक्क भई आएका वनारसवासी एक युवक र छोरो खोज्दै आएका उनका बाबु (श्रेष्ठी) लाई पनि शिष्य बनाई सङ्घमा समावेश गर्छन् । बुद्धले भिक्षुवृन्दलाई साथमा लिएर करुणापूर्ण बोली र व्यवहारका साथ सद्धर्मका बारेमा देशना दिँदा अरू चौवन्न जना थपिएर साठी जनाको सङ्घ निर्माण हुन्छ र यो शिक्षाको प्रचारमा चारैतिर लाग्छ । बुद्ध आफैँ सद्धर्मको शिक्षा बाँड्दै उरुवेल र सेनानी ग्राम पुगी नदीकिनारमा बेग्लाबेग्लै कुटी बनाई सहस्र शिष्यका साथ बसेका कश्यप गोत्री तीन ब्राह्मण दाजुभाइमध्ये चरुको होम र पशुवलि दिने मांसाहारी साधु उरुवेलको कुटीमा बास बस्नु, तिनलाई तर्कले हराउनु, राति बुद्धको करुणामय प्रेमले सर्प स्वयम् शिर निहुर्‍याएर भाग्नु जस्ता करुणाज्ञान र सामर्थ्यले बुद्धअनुयायीको सङ्ख्या ह्वात्तै बढ्छ । तत्कालै सङ्घमा उरुवेल काश्यपका पाँच सय, नदी काश्यपका तीन सय र गया काश्यपका दुई सय गरी एक हजार तीन जना (कोण्डन्य, २०६०, पृ.२३) भिक्षुसङ्घमा थपिन्छन् । अब करुणा ज्ञानको प्रचारमा लाग्ने भिक्षुको सङ्ख्या सहस्राधिक हुन्छ । सद्विचार र सत्कर्मका साथ गरिएको सद्धर्मको प्रचारले मानिसहरू तत्काल प्रभावित भई बौद्धमार्गी बन्न थाल्छन् । बुद्धले सहस्र भिक्षुका साथ भिक्षाटन गर्दै राजधानीनजिक ताडको वनमा पुगेर प्रवचन गर्दा सद्धर्मदेशना सुन्न आउने सर्वसाधारण, साहु, सन्त, विद्वान् तथा राजपरिवारलाई नै भिक्षु र उपासक बन्न अभिप्रेरित गरेका छन् । यहाँ उनले कुनै पनि कुरा अकारण नजन्मिने, सृष्टिका हरेक कुरा एकअर्कासँग जोडिने, सारा सत्यको केन्द्र आफ्नो शरीर हुने र यसलाई नियाले सृष्टिको सत्य थाहा हुने देशना सुनाएर सबैलाई प्रभावित पारेका छन् । राजा विम्बिसारले मेरो पहिलो इच्छा राजा बन्ने, दोस्रो सम्बुद्ध व्यक्तिको दर्शन पाउने, तेस्रो सम्बुद्ध व्यक्तिको सम्मान गर्ने, चौथो सद्धर्मको शिक्षा पाउने र पाँचौँ शिक्षाको सारतत्त्व बुझ्ने थियो (पृ. १६०-६१), आज सबै पूरा भएकाले उपासक बन्न पाऊँ भनी बिन्ती गर्नु भनेको बुद्धले राजाको समेत मन जित्नु हो । ताडवनमै आश्रम चलाएर बसेका सञ्जय नामका परिव्राजकका प्रभावशाली शिष्य सारिपुत्र र मौत्गल्यायन अस्सजीका प्रभावले बुद्धका शरणामा जाने भएपछि आश्रममा भएका दुई सय पचास शिष्य नै गुरुको फकाइमा नलागी त्रिरत्नका शरणमा जानु भनेको बौद्धसङ्घको निर्माणमा भएको स्मरणयोग्य सफलता हो, गुरुले शिष्यको शरीर बाँधेर हुँदैन, मन बाँध्न सक्नुपर्छ भन्ने ज्ञान हो । बुद्धले जतिलाई भेटे त्यतिको मन जित्तै गए । अतः तन होइन मनमाथिको विजय नै सच्चा विजय हो र मन जित्ने हतियार करुणा नै हो भन्ने कुरा महाकाव्यमा व्यञ्जित भएको छ । बुद्धले साराको मन जित्दै जानु, राजाले दरबारमा निम्ता गर्दा बाटामा मान्छेको भेल उर्लनु र जयको गान गुञ्जनु, राजा स्वयम् स्वागतका लागि बाहिर निस्कनु अनि बुद्धका अगाडि झुक्नु भनेको बुद्ध करुणाज्ञानप्रतिको उच्चतम् सम्मान हो । यहाँ बुद्धबाट पञ्चशीलको देशना हुन्छ : पहिलो शील अहिंसाको तात्पर्य कसैलाई जिन्दगी दिन सकिन्न भने उसको जिन्दगी पनि लिनुहुन्न भन्ने हो । यो

शान्तिको मार्ग हो । दोस्रो शीलले अर्काको धन नचोरी स्वश्रममा बाँच्न सिकाउँछ । तेस्रो शील व्यभिचारमा नलाग्दा परिवारमा विश्वास बढ्छ । चौथो शील सृष्टिको आधार सत्य भएकाले असत्य नबोल्नु हो । नशालु वा मादक पदार्थबाट मुक्त रहनु पाँचौँ शील हो । देशनापछि कति युवाले बुद्धबाट दीक्षा लिनु र भिक्षु बनेर बाँच्ने चाहना राख्नु अनि राजाले वेणुवन नै उपहार दिएकाले त्यहाँ बौद्ध धर्मको पहिलो बिहार बन्नु भिक्षुसङ्घ विस्तारका लागि सर्वाधिक महत्त्वपूर्ण उपलब्धि हो ।

महाकाव्यमा पुत्र बुद्ध भएकामा शुद्धोधन प्रसन्न भई दूत पठाउनु तर ती कोही नफर्कनु, नौ जनापछि कालुदायी जानु र पहिलो माससमै भिक्षु बनेर बुद्धको आज्ञाले दरबार फर्कनु पितापुत्र सम्पर्कको पहिलो आधार देखिन्छ । यसले एकातिर युवामा बढेको भिक्षुजीवनप्रतिको आकर्षण र अर्कातिर पितापुत्र प्रेमको आभास दिन्छ । वैराग्यको जुनसुकै स्थितिमा पुगे पनि परिवारमा करुणामय प्रेम रहेकै हुन्छ भन्ने ज्ञान यसबाट पाइन्छ । बुद्धले दरबार फर्कने इच्छा राख्नुमा मातापिता मात्र होइन, पत्नी र पुत्रप्रतिको प्रेमले पनि सुषुप्त अवस्थामा काम गरेको भान हुन्छ । बुद्ध माघ पूर्णिमामा भिक्षुहरूलाई जस्तै स्थितिमा पनि पाप नगर्नु, सधैँ सत्कर्म गर्नु, क्लेश नलिई चित्त सफा राख्नु भनी उपदेश दिन्छन् र फाल्गुण पूर्णिमामा शतत्रय भिक्षुका साथ जन्मभूमि लाग्छन् । प्रकृतिसँग तादात्म्य, वृक्षमूलमा रात्रिविश्राम गर्दै कपिलवस्तु पुगी न्याग्रोधरामा विश्राम लिँदा पनि बुद्ध भिक्षुलाई शिक्षा दिइरहन्छन् । यसले महात्मा वा विद्वान्को कर्तव्य सम्झाउँछ । भिक्षुहरूको बाँच्ने आधार भिक्षाटन हुनु र राजा शुद्धोधन पुत्रलाई भेट्न आउँदा घरघरमा भिक्षा माग्दै हिँडेको देख्नु अनौठो संयोग हो । राजाले यसलाई कुलको अपमान ठानेका छन् भने बुद्धले पूर्वबुद्धदेखिकै परम्परा हो भनेका छन् । राजा र बुद्धको पहिलो संवादले नै राजकुल र भिक्षुकुलबिचको द्वन्द्व देखाएको छ । राजकुलमा भोगविलास हुन्छ भने भिक्षुकुलमा त्याग र करुणा हुन्छ । दरबारको भेलालाई आफ्नो इतिवृत्तान्त सुनाएर दोस्रो पटक सद्धर्मको शिक्षा दिँदा भाइ नन्द, पुत्र राहुल दुवै भिक्षु हुनु भनेको बुद्धले आफ्नै परिवारका सदस्यलाई पनि भिक्षुसङ्घमा आकर्षित गर्नु हो । राजाले आँसु झारेर बिदा गरेपछि पनि अनुप्रिया नगरको आम्रोद्यानमा गई देशना दिँदा नापित पहिलो शिष्य भएपछि देवदत्त, आनन्द, भृगु, किम्बिल, भद्दिय, अनिरुद्ध (पृ. १८०) छ जना नै भिक्षु बन्नुले बुद्धको गृहनगर नै भिक्षुमय हुन थाल्छ र भिक्षुसङ्घ व्यापक रूपमा विस्तार हुँदै जान्छ । बुद्धदेशनाको प्रभावका कारण सुदत्त नामका श्रेष्ठीले जेत राजकुमारलाई बुद्धका वाणीमा मुक्तिको मार्ग छ भनी प्रभाव पारेपछि जेतले आफ्नो कृडास्थल जेतवन सित्तैमा उपहार दिन्छन् र त्यहाँ अर्को बिहार बन्छ, । बुद्ध कोशल जाँदा वैशालीको आम्रवनमा नगरबधू आम्रपाली द्विघोडे बग्गीमा भेट्न आई बुद्धका पाउमा आँसु झार्दै घोप्टिएर भोजनको निमन्त्रणका साथ आम्रवन नै बुद्धलाई अर्पण गर्छिन् र उनी भिक्षुणी हुँदै अर्हन्त बन्छिन् । बुद्ध फेरि श्रावस्ती नगरमा रहेको जेतवन बिहार गई सुदत्तलाई सद्धर्ममा समर्पित बनाउँछन् । कोशल राज्यका राजा प्रसेनजितकी रानीको 'सम्पूर्ण सृष्टिको स्रोत प्रेम'को रहस्य बुझ्ने इच्छालाई बुद्धले समाधान गरिदिएको कुरा कँडेलको भावाभिव्यक्तिमा यस्तो छ :

> वासनात्मक प्रेमले मनको इच्छा मेट्दैन, भोगले भोगकै इच्छा बढाउँछ, कामको पूर्ति नहुँदा मान्छे मर्छ र मार्छ पनि, कामले मन शान्त हुँदैन, म र मेरोमा प्रेम छ भने असीमित दुःख हुन्छ, प्रेमको सम्बन्ध मैत्री र करुणासँग भयो भने मात्र त्यो प्रेम स्वार्थमा सीमित हुँदैन अनि परिवार, प्रजा र राज्यको सीमाबाहिर प्रेम पुग्छ अनि त्यसले शान्ति र सौहार्दता ल्याउँछ । (पृ. १९१-९२)

यसले मैत्री र करुणाविनाको प्रेम प्रेम होइन भन्ने तथ्यलाई पुष्टि गर्छ र स्वार्थरहित करुणामय प्रेमलाई महत्त्व दिन्छ । यसबाट रानी पनि प्रभावित हुन्छिन् ।

शुद्धोधनको मृत्युपछि पटक पटकको प्रयास असफल भएपछि, पीत वस्त्र लगाएर, केश मुण्डन गरी शाक्य नारीहरूलाई भिक्षुणी बन्न एकत्रित गर्दै पन्ध्र दिन लगाएर वैशाली पुगेकी गौतमी आनन्दको जोडदार अनुरोधका कारण आठ प्रकारका धर्माचरणको पालना गर्ने शर्तमा बौद्धसङ्घको प्रथम भिक्षुणी बन्नु महिला भिक्षुसङ्घ स्थापनाको प्रारम्भ हो । यसपछि अरू नारीलाई पनि भिक्षुणी बन्ने बाटो खुल्छ र नारी भिक्षुसङ्घको पनि व्यापक रूपमा विस्तार हुन थाल्छ । बाल्यकालदेखि बुद्धको देशना सुन्ने विशाखाले आफ्नो विवाहपश्चात् बिहारमा गहना बिर्सिएकाले ती गहना आफैँलाई बेची पूर्वाराम नामको बिहार निर्माण गर्नु नारी बिहार निर्माणमा भएको ठुलो प्रगति हो । बिम्बिसारकी अर्की रानी खेमा पनि वेणुवनमा देशना सुन्न जाँदा रूपसौन्दर्य क्षणभरको र शरीर अनित्य रहेछ भन्ने बोध गरी राजाको स्वीकृतिबाट भिक्षुणी हुनु नारी भिक्षुविस्तारको अर्को महत्त्वपूर्ण घटना हो ।

महाकाव्यमा खास गरी बुद्धकालमा राजारानी, रैती, सेवक सबै भिक्षुभिक्षुणी भएका छन् र धर्माचरणमा बसी मुक्तिको मार्ग करुणा प्राप्त गरेका छन् भन्ने सन्दर्भहरू आएका छन् । बुद्धले भिक्षुसङ्घ र बिहार निर्माण गर्दै र यो अनित्य संसार चिनाउँदै दुःखमुक्तिको एउटै मार्ग करुणाज्ञान बाँड्दै गएको कुरालाई महाकाव्यले महत्त्वका साथ प्रस्तुत गरेको छ । बुद्ध जहाँजहाँ जान्छन्, त्यहाँत्यहाँ भिक्षुसङ्घको विस्तार भई बिहार निर्माण भएको भेटिन्छ । बुद्धको प्रभावमा पर्ने जोकोही शिष्य, अनुयायी अथवा भिक्षु भएका छन् र तिनले बिहार स्थापनामा प्रयत्न गरेका छन् । यसरी भिक्षुसङ्घ एवं बिहारको स्थापना र विस्तारबाट बुद्धकरुणाज्ञानको सम्प्रसार भएको छ । बुद्धको महापरिनिर्वाणपछि पनि बौद्धधर्म व्यापक हुनुमा यसभित्रकै करुणाज्ञानको भूमिका छ ।

**बुद्धकरुणाद्वारा पीडितको उद्धार**

*सम्यक् सम्बुद्ध* महाकाव्यमा बुद्धको करुणाबाट धेरै पीडित पात्रको उद्धार भएको देखाइएको छ । उनी करुणाकर, करुणानिधान र करुणाका खानी थिए । उनले कठोर दुःख, पीडा र अभावमा परेका जीवनलाई करुणापूर्ण उद्धार गरेका छन् । श्रावस्तीका निर्धन, मलमूत्र बोक्ने, फोहर सोहोर्ने, ठुलाठालुका छेवै नपर्ने, सधैँ गाली मात्र सुन्ने अर्धनग्न अस्पृश्यलाई सारिपुत्रमार्फत दीक्षा दिलाई बुद्धले उद्धार गरेका छन् । जातपात, उँचनिच र भेदभावविरुद्ध बुद्धको उच्च करुणा यहाँ प्रकट भएको छ । धर्मको इतिहासमै यो एउटा क्रान्ति थियो । बुद्ध अद्वितीय क्रान्तिद्रष्टा थिए (पृ. १९५) र जातपात, भेदभाव एवम् उँचनीचविरुद्ध आवश्यकतामा परेकालाई उद्धार गर्थे । भिक्षु बने पनि रूप र वासनाप्रतिको प्रेममा डुबेका भाइ नन्दलाई बुद्धले ध्यानविधि (पृ. २०१-२) सिकाएर उद्धार गरेका छन् । बुद्धको निर्देशनबमोजिम ध्यान गर्दा उनले आफूभित्रको सत्य बोध गरी निष्ठावान् भिक्षुको जीवन पाएका छन् । शुद्धोदन बिरामी परेको सुनेपछि कपिलवस्तु पुगी जराजीर्ण पिताका हात प्रेमले समातेर बुद्धले जिन्दगी दुःखको घर हो, जन्म, जरा, व्याधि सबै दुःख हुन्, यी अनित्य र परिवर्तित छन्, हामीले यो देहका लागि चिन्ता गर्नु हुँदैन, अज्ञानले गर्दा हामी जन्म र मृत्युमा घुमिरहेका छौँ, श्वास मूल्यवान् छ, अन्त्यका बेला आफ्नो मन यसमा केन्द्रित गर्नुहोस् भनेपछि शुद्धोदन अनित्यलाई बुझेर चिन्तामुक्त बन्छन् र मृत्युलाई स्वागत गर्न पुग्छन् । शवयात्रामा मानवसागर उर्लन्छ, बुद्धले

प्रेमले मुखाग्नि (पृ. २०६), दिन्छन् । यहाँ बुद्धको प्रेममय करुणाका कारण पिताको उद्धार भएको छ । त्यहाँ तीन मास बस्दा तीन पटक भिक्षुणी बन्ने अनुमति खोज्ने पतिशोकमा डुबेकी गौतमीलाई उनले पछि वैशालीमा दीक्षा दिएर उद्धार गरेका छन् ।

महाकाव्यमा पटाचाराको उद्धार विशेष उल्लेखनीय छ । श्रावस्तीका श्रेष्ठीपुत्री पटाचारा घरकै सेवकसँगको प्रेमका कारण बिरानो ठाउँमा गई बसेको, गर्भिणी भएको, बालक जन्मिएको, अभाव र पीडामा दिन बित्दै गएको अनि फेरि गर्भिणी भएको र पतिलाई थाहै नदिई माइत हिँडेको, पति पछ्याउँदै गई बाटामा भेटेको, निस्पट्ट अँध्यारो, आँधी, पानी, वन्य जन्तुको डरका बिच प्रसव वेदना सहेको, दाउरा खोज्न गएको पति रूखमा सर्पले डसी लडेर मरेको, प्रसव पीडाको पराकाष्ठा भोगेर पटाचाराले दोस्रो पुत्र जन्माएको (पृ. २१८) घटना बडो पीडादायी छ । ठुलो कहर काटेर रात बिताएकी पटाचारा प्रभातमा पति खोज्न जाँदा शव देखेर मुर्छित हुनु, केही समयपछि ब्युँतेर दुई पुत्र सम्हाली हिँड्दा अचिरावती नदी तर्ने सन्दर्भमा ठुलालाई नदीप्रवाहले बगाउनु र सानालाई बाजले लैजानु अत्यन्त दुःखदायी घटना हो । यति मात्र होइन मातापितासमेत वर्षाले घर भत्किएर पुरिई आफन्त कोही नबचेको समाचारले भुइँमा पछारिई विक्षिप्त बनेकी सहाराविहीन पटाचारा एउटा बटुवाद्वारा जेतवन बिहारमा पुऱ्याइएकी छन् र बुद्धदेशनाको मधुर स्वरले व्युँतिई भिक्षुणी बनेकी छन् (पृ.२२१) । उनको सबै कष्टबाट मुक्तिका साथ उद्धार भएको छ । महाकाव्यमा यसलाई करुणाको निकै सशक्त प्रस्तुतिका रूपमा लिइएको छ ।

आफ्नो दुईवर्षे प्रिय पुत्रको मृत्युका कारण विह्वल अर्की नारी कृशा गौतमी लास उठाएर त्यसलाई बचाउँने औषधि खोज्न हिँड्दा बुद्धकहाँ पुगेको, बुद्धले मान्छे नमरेका घरबाट एक मुठी तोरी ल्याउन भनेको तर मान्छे नमरेको कुनै घर नभेटेपछि जीवनको सत्य बुझेर उनी पुनः बुद्धकहाँ पुगेको, भिक्षुणी बनेको र निष्ठाका साथ सङ्घमा बाँधिएको (पृ. २२५) घटना निकै मार्मिक छ । यसरी बुद्धले सुनित, भाइ नन्द, शुद्धोधन, पटाचारा, माता गौतमी, कुशा गौतमी जस्ता अनगिन्ती पीडित पात्रको करुणामय उद्धार गरी तिनलाई सांसारिक दुःखबाट मुक्ति दिलाएको कुरा महाकाव्यमा सशक्त रूपमा प्रस्तुत भएको पाइन्छ । यो बुद्धकरुणाको महत्तम प्राप्ति हो ।

**बुद्धको करुणाज्योति र सोपाकको उद्धार**

सोपाकको उद्धार बुद्धकरुणाको उच्चतम नमुना हो । यहाँ बुद्धको दिव्य व्यक्तित्वले सोपाकको पीडा बोध गरी ज्योति स्वरूपमा गई उसको उद्धार गरेको छ । महाकाव्यको एक्काइसौँ सर्गमा कवि घनश्याम कँडेलले बुद्धमा भएको उच्च करुणाको वर्णन गर्दै भनेका छन् :

करुणाको उनीभित्र थियो अपार सागर

करुणा नै उनी बाँड्थे लोकलाई निरन्तर ।

उनका करुणाको म सक्थें के गर्न वर्णन

तथापि नमुना यौटा यहाँ प्रस्तुत गर्छु म । (पृ. २७८)

आमाका कारण सौतेनी बाबुसँग बसेको सोपाकलाई अति क्रूर र निष्ठुर बाबुले आमा नभएका बेला पारी मसानघाटमा लगेर डुङ्डुङ्ती गनाउने लासमा बाँध्नु, उसको करुणपूर्ण रोदनलाई

कसैले नसुन्नु, राति ब्वाँसो, स्याल, चितुवा जस्ता हिंस्रक जनावर लासमा झुम्मिनु, त्रास र पीडाले मृत्युका मुखमा पुगेको बालकले असहायको सहारा दैव भनेझैं दिव्य आकृति आफूतिर आउँदै गरेको देख्नु, त्यो ज्योतिले तिम्रो उद्धार गर्न आएको भन्नासाथ बन्धन सबै फुक्नु र थाहा पाउँदा जेतवनमा बुद्धका सामु हुनु भनेको दिव्यज्योतिरूपी करुणाबाट भएको उद्धार हो। बुद्धले उसलाई नुहाइदिएर लुगा फेराई भोजन गराएपछि सोपाककी आमा आइपुग्नु र सोपाकलाई भिक्षुका रूपमा देखेर खुसी भई बुद्धवचन सुन्न थाल्नु बुद्धज्ञानप्रतिको आकर्षण हो। कँडेल सिन्धुमा भएको बुँद गन्नु र बुद्धमा भएको करुणा नाप्नु बराबर हो (पृ. २८१) भन्दै रुग्ण, क्लान्त, असहाय कुनै भए उनी लिन पुगिहाल्थे भन्छन्। सर्वत्र शान्ति चाहने बुद्धमा सबै समस्याको समाधान दिने शक्ति थियो। उनी दिव्यदृष्टिले हेरी पीडित नजिक भए पैदल र टाढा भए दिव्य आकृति वा ज्योतिरूपमा पुग्थे। यसरी बुद्ध सहाराविहीन र असहायका सहारा बनेका र हिँडेर नभ्याइने ठाउँमा ज्योतिरूपमा गएर पनि उद्धार गरेका सन्दर्भहरू महाकाव्यमा प्रस्तुत भएका छन्।

### करुणाशक्तिद्वारा दुष्पात्रमा कृपा

कवि घनश्याम कँडेलले खास गरी महाकाव्यको उन्नाइसौँ सर्गमा बुद्धले दुष्पात्रलाई दण्ड दिएर होइन, आफ्नो वशमा पारेर चारित्रिक परिवर्तन गरेका सन्दर्भहरू उल्लेख गरेका छन्। दुष्पात्रमाथि बुद्धको घृणा होइन, करुणामय कृपा देखिन्छ। अहिंसक तक्षशिलाको अग्रणी र प्रतिभाशाली छात्र हुनु, उसको प्रतिभा देखेर अरू छात्रहरू जली गुरुलाई उसविरुद्ध चुक्ली लगाउनु, छुल्याहाका कुरा सुन्दासुन्दै गुरु क्रुद्ध भई उसलाई दण्ड दिने निर्णय लिनु, शिक्षा पूरा भएपछि अहिंसकलाई गुरुदक्षिणाका रूपमा उनले सहस्र मान्छेका सहस्र अङ्गुली माग्नु, नियतिको खेलले ऊ दुष्पात्रमा परिणत हुनु र जहाँ जो भेट्यो मान्छे मार्दै औँला काटेर माला लगाउँदै हिँड्न थाल्नु, बाल, वृद्ध, बनिता, युवा सबै उसबाट मारिनु, कोशल राज्यका राजा प्रसेनजितले सेना नै परिचालन गर्ने निर्णय लिनु, अङ्गुलीमालकी आमा यो थाहा पाएर छोरो भेट्न जानु, हजार अङ्गुली पुऱ्याउन एक मात्र बाँकी हुँदा अङ्गुलीमालले पुत्रका हातबाट आमाकै मृत्यु हुने सोच्न थाल्नु तर यो थाहा पाई तत्काल बुद्ध त्यहाँ पुग्नु र अङ्गुलीमालकी आमाको उद्धार हुनु महाकाव्यमा प्रस्तुत भएको महत्त्वपूर्ण घटना हो। अङ्गुलीमालले जति दौडे पनि बुद्धलाई नभेट्नु र उसले स्थिर हुन आग्रह गर्दा भिक्षुले म स्थिर छु, तिमी नै अस्थिर छौ भन्नु अनि उसले बुद्धका अनुहारमा देदीप्यमान आभामण्डल देखी शिर झुकाउँदै पाउमा परेर धुरुधुरु रुन थाल्नु दुष्पात्र नृशंस हिंसकबाट पुनः अहिंसकमा फर्कने सङ्केत हो। अन्ततः ऊ भिक्षु बनी त्रिरत्नमा समर्पित भएर राग, द्वेष फाली अर्हन्त बनेको छ (पृ. २३२)। त्यति ठूलो हत्यारालाई कृपा गर्नु र भिक्षु बनाउनु बुद्धकरुणाको शक्ति हो। यो घटना महाभारतकालका गुरु द्रोणाचार्यसँग मिल्दो छ। वास्तवमा हजुरलाई गुरु थापेर धनुर्विद्या सिकेको भन्ने सामान्य अभिव्यक्तिकै भरमा द्रोणाचार्यले आफ्नो शिष्य अर्जुनभन्दा कमजोर बनाउन गुरुदक्षिणास्वरूप एकलव्यसँग दाहिने हातको बुढीऔँला मागेका थिए। यसले गुरुको षड्यन्त्र र दुष्ट्याइँ पुष्टि गरेको छ। द्रोणाचार्यले यसको फल धर्मात्मा युधिष्ठिरबाटै पुत्रवियोगको भ्रम प्राप्त गरी तड्पिएर शस्त्र त्यागेपछि मारिएर पाएको घटना महाभारतमा छ। द्रोणाचार्यले भन्दा पनि अङ्गुलीमालका गुरुले त झन् चेलासँग सहस्र अङ्गुली गुरुदक्षिणा मागेर हजार मानिसको हत्या गर्न लगाएको घटना वर्णन *सम्यक् सम्बुद्ध* महाकाव्यमा छ। यसै कारण राजनीतिमा दुष्ट्याइँ, धुर्त्याइँ, चतुऱ्याइँ, षड्यन्त्र, चाकरी, चाप्लुसी, हत्याहिंसा, विवेकहीनता आदि हुने भएकाले गुरुले राजनीति

गर्नुहुँदैन भनिएको हो । यसले चम्चा, चाकडीबाज र चाप्लुसको कुरा सुनेर निर्णय लिनुहुँदैन र गुरु अहङ्कारी नभई बुद्ध जस्तो आदर्श हुनुपर्छ भन्ने शिक्षा दिएको छ ।

मान्छे समातेर ओडारमा लगी काँचै चपाउने अर्को क्रूर दानव अलावकलाई पनि बुद्धले कृपा गरेका छन् । साँझमा आफ्नो बासस्थानमा आई पर्खेर बसेका बुद्धमाथि हतियार प्रयोग गर्दा त्यो निष्प्रभावी हुनु, उसले बुद्धलाई तीनपल्ट भित्रबाहिर गराउनु, चौथोपल्ट बुद्ध भित्रै स्थिर हुँदा म केही प्रश्न सोध्छु, उत्तर दिन नसके छाती चिर्छु भन्नु आलावकले बुद्धलाई नियन्त्रणमा लिन गरेका प्रयास हुन् । उसले सर्वोत्तम सम्पत्ति कुन हो, कुन सिद्धान्तमा पोख्त हुँदा मन खुसी हुन्छ, मिठो स्वाद के हुन्छ, कसरी बाँच्न जानेमा राम्ररी बाँचिन्छ भनी सोध्नु र बुद्धले सर्वोत्तम सम्पत्ति श्रद्धा, सद्धर्ममा पोख्त हुँदा मन आनन्दित हुन्छ, सत्य नै मधुर स्वाद हो र सचेत भई बाँचे राम्ररी बाँच्न सकिन्छ भनी उत्तर दिनु जटिल परिस्थितिको सामान्यीकरण हो । यसबाट अलावक मन पखालेर बुद्धको शिष्य बनी पावन जीवन बाँच्ने प्रयत्नमा लागेको छ (पृ. २२५) । आफूलाई मार्न हतियार उठाउने, यातना दिने अलावकलाई पनि बुद्धले यसरी करुणामय कृपा बर्साएका छन् । अङ्गुलीमाल र अलावक दुवै पात्र बुद्धले चाहँदा मारिन सक्थे तर उनको करुणामय कृपाद्वारा यी दुवैको चारित्रिक उद्धार भएको छ ।

आनन्दसँगै भिक्षु भएका अर्का दुष्चरित्र देवदत्तले अहम्का कारण बुद्धको ठाउँ लिने षड्यन्त्र रची बुद्धलाई तपाईं वृद्ध हुनुभो देशना म चलाउँछु भन्नु, अजातशत्रुसँग मिलेर बुद्ध र राजालाई मार्ने योजना बनाउनु, बधिकलाई बुद्धको हत्या गर्न पठाउनु, अनि आफैँले बुद्धलाई मार्न गृद्धकुट पर्वतमा ढुङ्गो लडाएर बुद्धलाई घाइते बनाउनु देवदत्तको अति दुष्ट र क्रूर व्यवहार हो । यति गर्दा पनि बुद्ध देवदत्तप्रति बदलाको भाव राख्तैनन् । यसैबाट बुद्धमा कति करुणा छ भन्ने कुरा पुष्टि हुन्छ । यति मात्र होइन, देवदत्तले फेरि बुद्धलाई मार्न सराबले मत्त हात्ती पठाउनु, निलागिरी नामक हात्ती कान, सुँढपुच्छर उठाएर बुद्धतर्फ हानिनु तर बुद्धले प्रेम बर्साउँदा त्यसले आफैँ शिर निहुऱ्याउनु (पृ. २४०) बाट करुणामय प्रेमको प्रतिक्रिया पशुले पनि दिन्छन् भन्ने कुरा सिद्ध हुन्छ । उसले बुद्धका पाउमा धुली वर्षाउनु, बुद्धले हातले उसको सुँढ थप्थपाउँदा झन् रत्तिनु, कान फुक्दा आज्ञाकारी भएर उभिनु पशु र मानवबिचको करुणामय प्रेम हो । यसबाट करुणाको भाषा पशुले पनि बुझ्छ भन्ने अर्थ लाग्छ । देवदत्तले फेरि सङ्घमा विभाजन ल्याउन खोजी भिक्षुका लागि पाँच नियम बनाएर बुद्धका सामु भिक्षुले वनमा जीवन बिताउनुपर्ने, भिक्षा मागेर मात्र भोजन गर्नुपर्ने, चिथरा वस्त्र मात्र लाउनुपर्ने, सारा भिक्षुले अबदेखि वृक्षस्थलमै बस्नुपर्ने र शाकाहारी हुनुपर्ने जस्ता कठोर जिन्दगीका नियम राख्नु दुष्ट्याइँको पराकाष्ठा नै हो । बुद्धले यसलाई अव्यावहारिक बताएपछि र निष्ठावान् भिक्षुले विरोध गरेपछि गयाशीर्ष देवदत्तको छुट्टै आश्रमस्थल बन्छ । त्यहाँ आनन्द र मौद्गल्यन जस्ता अग्रश्रावकले शिक्षा दिइन्जेल त भिक्षुहरू बस्छन् तर बिस्तारै सबै बुद्ध भएतिरै फर्किनाले देवदत्तको आश्रमै खाली हुन्छ । अन्तमा उनी अस्वस्थ भई आफ्ना कुकृत्य सम्झेर पछुताई बुद्धका सामु क्षमा माग्न जाँदा बाटामै मर्छन् । अक्षम्य अपराध गर्ने व्यक्तिलाई कसैले दण्ड दिनुपर्दैन, ऊ आफैँ पश्चातापमा जलेर मर्छ भन्ने दृष्टान्त यहाँ छ ।

देवदत्तसँग मिलेर पिताकै हत्या गर्न तम्सने पुत्र अजातशत्रुलाई बिम्बिसारले राज्य सुम्पनु बुद्धकरुणाकै प्रभाव हो । राज्य पाएर पनि सत्ताको उन्मादले पितालाई नै जेल हाली यातना दिनु, आमाबाहेक अरूलाई भेट्न नदिनु, भोजन बन्द गर्नु, आमाले पछ्यौरी र कपालमा लुकाएर, शरीरमा

मह र आँटा दलेर लाँदा पनि रोक्नु, भोकले तड्पाउँदा पनि नमरेका सन्त राजालाई नाउ पठाएर खुट्टाको छाला चिर्न लगाई त्यसमा नुनतेल हालेर आगाका फिलिङ्गामा हिँड्न बाध्य पार्नु अजातशत्रुको अक्षम्य अपराध र क्रूरता हो । यस्ता क्रूरलाई पनि करुणा उत्पन्न गरेर परिवर्तन गर्न सकिन्छ भन्ने दृष्टान्त यहाँ छ । अचानक पुत्र जन्मँदा ऊ खुसी बाँड्न आमासामु पुग्नु, आमाले मैले यो जीवन तिम्रै प्रेममा अर्पे, दैवज्ञले तिमी गर्भमै छँदा यो पितृहन्ता हुन्छ भनेका थिए । मैले गर्भ गिराउन खोजेँ तर तिम्रा पिताले मान्नुभएन । मैले तिमीलाई जन्मेपछि पनि मार्न खोजेँ तर त्यो हुन पनि पिताले दिनुभएन । तिम्रा औँलामा पाकेको खटिरो थियो, त्यसले निकै पीडा दिन्थ्यो । पिताले तिम्रो खटिरो प्रेमले चुस्नुभयो । पिताको प्रेम तिमीमा कति थ्यो ? (पृ. २४७) भनेपछि अजातशत्रुको पाषाण दिल पग्लनु, उसले पितालाई भो नमार भन्नु, पिताका प्रेममा रुन थाल्नु र पिताको मृत्यु भैसकेकाले कृतघ्न किन भएँ भनी पछुताउनु उसको मानसिकतामा आएको प्रलयङ्कर परिवर्तन हो । यहाँ पिताप्रति कठोर पुत्र आमाको करुणामय अभिव्यक्तिका कारण परिवर्तन भएको छ । क्रूर, दुष्ट र पापीलाई पनि करुणापूर्ण वचनले परिवर्तन गर्न सकिन्छ भन्ने यो एउटा दृष्टान्त हो । अन्तमा अजातशत्रुले बुद्धको सान्निध्य पाएपछि मात्र सद्गुरु पाएर मनको व्यग्रता मेटी शान्ति प्राप्त गरेको छ । यसरी बुद्ध दुष्ट र पापीहरूका पनि उद्धारक भएका छन् र उनले आफ्ना शत्रुलाई पनि करुणामय कृपाद्वारा अनुयायी, शिष्य, भिक्षु र अर्हन्तसमेत बनाएका छन् । अङ्गुलीमाल, अलावक, देवदत्त, अजातशत्रु, विप्र, मागन्दिया, उद्दण्ड, निर्ग्रन्थनाथ, सिगाल, काशी भारद्वाज आदि क्रूर, दुष्ट, छुद्र र अबुझ पात्रलाई समेत समव्यवहार गरी सत्मार्गमा डोऱ्याउने काम बुद्धले गरेका छन् । दुष्पात्रले गरेको हत्याप्रयास विफल हुनुको मूल कारण बुद्धमा भएको करुणाज्ञान नै हो, तिनले भिक्षुजीवन पाउनु बुद्धकृपा नै हो ।

**बुद्धन्याय**

बुद्ध सूर्यको प्रकाश जस्तै भेदभावरहित ढङ्गले समस्याको चित्तबुभ्दो समाधान गरी निष्पक्ष न्याय दिन्थे भन्ने कुरालाई पनि *सम्यक् सम्बुद्ध* महाकाव्यले प्रस्तुत गरेको छ । कपिलवस्तुमा शाक्य र कोलियबिच साझा नदी रोहिणीबाट आआफ्ना खेतमा पानी पटाउने विषयमा भिडन्तको स्थिति सिर्जना भई दुबै देशका सेना उठ्दा बुद्धले त्यहाँ पुगेर कुरा बुझेपछि रात र दिनको पालो लगाई पानी बाँड्ने निर्णय दिँदा सबैको चित्त बुझ्छ, उनी असल न्यायाधीश हुन्छन् । बुद्धले प्रसेनजित र अजातशत्रुबिचको समस्या पनि समाधान गरिदिएका छन् । अजातशत्रुले मामाकै पुत्री विवाह गरेर प्रसेनजितका ज्वाइँ बनेपछि बज्जिसङ्घमा आक्रमण गरेर त्यसलाई मगधराज्यको अङ्ग बनाउन चाहँदा बुद्धले बज्जीका सात कुरा : बज्जीहरू सधैँ परस्पर विमर्श गर्छन्, प्राचीनकालदेखिका सिद्धान्त पालना गर्छन्, सुयोग्य नेताको सम्मान गर्छन्, दिएको उपदेशअनुसार काम गर्छन्, हिंसा, बलात्कार र आपराधिक कार्य गर्दैनन्, पूर्वजका स्मारकको रक्षा गरेर तिनका शिक्षामा चल्छन्, आफ्नो सङ्घमा बस्न आउनेको सम्मान गर्छन् (पृ. २८६-८७) भनी सम्झाएर समस्याको समाधान गर्छन् । उनी भिक्षुलाई एकत्र भेला भई विमर्श गर्नु र ऐक्य हुनु, अमान्यलाई नमान्नु मान्यलाई मान्नु, स्थापित सिद्धान्तलाई मानेर कार्य गर्नु, अनुभवी र अग्रज भिक्षुको शिक्षालाई आदर गर्नु, आसक्तिको प्रभावमा नपर्नु, सात्विक भएर शान्तिको जीवन बाँच्नु र स्वयं जागृत भई अरूलाई जगाउनु (पृ.२८८) भन्दै नयाँ सात शिक्षा दिएर एकत्रित पार्छन् । फेरि भिक्षुलाई श्लोकबद्ध रूपमा 'नगर्नू व्यर्थको काम, नगर्नू व्यर्थको गफ, बढी निद्रालु नबन्नू, नखोज्नू नाशवान् यश' (पृ.२८८) भन्दै दुश्चरित्रसँग मित्रता

नगाँस्नु, अल्पबुद्धिकालाई मित्र नबनाउनू, उच्चतातिर यात्रा गर्नू, अर्हन्त बनेर शिर उठाउनू, सद्धर्ममा श्रद्धा राख्नु, विनयी, सद्विवेकी र शिक्षासम्पन्न हुनू भनी अरू सात शिक्षा दिन्छन् । यसरी बुद्ध एक्लै असल गुरु, नेता र न्यायाधीश भएका छन् । महाकवि कँडेलले सम्यक् सम्बुद्ध महाकाव्यमार्फत् गुरु, नेता र न्यायाधीशले बुद्धको आदर्श पछ्याउनुपर्ने भन्दै बुद्ध ज्ञानको पुनर्व्याख्या गरेका छन्, जुन वर्तमान समयसान्दर्भिक छ ।

## निष्कर्ष

घनश्याम कँडेलको *सम्यक् सम्बुद्ध* कोण्डन्यले सम्पादन गरेको *सम्यक् सम्बुद्ध*का अतिरिक्त बुद्धको जीवनीसम्बन्धी कृतिहरूबाट सारवस्तु ग्रहण गरी उच्च काव्यात्मक शिल्पका माध्यमबाट रचना गरिएको महाकाव्य हो । यसमा सिद्धार्थले उच्च त्याग एवम् अविचलित र कठोर साधनाबाट बुद्धत्व प्राप्त गरी जन्ममरणबाट मुक्तिको मार्ग करुणाज्ञान प्राप्त गरेर संसारमा त्यसको सम्प्रसार गरेका हुन् भन्ने भाव छ । सम्पूर्ण जीवात्माप्रति करुणाभाव राख्नु नै जीवनको सार र मुक्तिको मार्ग हो भन्ने बुद्धज्ञानको सञ्चरण यस महाकाव्यले गरेको छ । करुणाको अभ्यासबाट चराचर जगत्का समस्त प्राणी मित्रवत् हुन्छन्, पीडितको उद्धार गर्न सकिन्छ, शत्रु वशमा आउँछन् र तिनलाई पनि कृपा गर्न सकिन्छ भन्नु बुद्धज्ञानको मर्म हो । संसारलाई अहिंसा र शान्तिको मार्ग देखाई करुणाज्ञान सिकाउने बुद्ध महागुरु हुन्, सबैको कल्याण र उद्धार गर्ने महान् नेता हुन् र सूर्यको प्रकाश जस्तो सबैलाई समान न्याय दिने आदर्श न्यायाधीश हुन् भन्दै गुरु, नेता र न्यायाधीशमा बुद्ध जस्तै आदर्श चरित्र हुनुपर्ने कुरा महाकाव्यमा अभिव्यञ्जित भएको छ । करुणाबाट तृष्णामुक्त भएर शान्त, सुस्थिर, निश्चित र सुखी जीवन बाँच्न सकिन्छ भन्ने कुरा उनले सिकाएका छन् । कँडेलले सर्वद्रष्टा, सर्वदुःखहर्ता, महाकारुणिक बुद्धको जीवनी महाकाव्यमा पस्कनुको तात्पर्य पनि यही देखिन्छ । बुद्धको करुणाज्ञानले शासक तृष्णामुक्त र दयावान् बनून्, देशमा, सुशासन, अमनचयन, मेलमिलाप, शान्ति र उन्नति होस् भन्ने कविभावना महाकाव्यमा छ । यसरी हेर्दा कवि कँडेलले बुद्धको जीवनीबाट प्रेरणा लिएर करुणाको मध्यमबाट लोककल्याण र विश्वशान्तिको कामना गर्न सकिन्छ भनेका छन् । समस्या सबैलाई पर्छ, बुद्धलाई पनि अनगिन्ती जटिल समस्या परेका थिए, तर नेतृत्व निष्कलङ्क, निष्पाप, र न्यायप्रेमी भए ती सहज समाधान हुन्छन् भन्ने कुरा बुद्धको जीवनीबाट लिनुपर्ने हुन्छ । बुद्धज्ञानको चुरो भनेकै करुणाको विश्वव्यापी आग्रह हो । प्रेममय करुणाबाट हिंस्रक पशुलाई वशमा पार्न र अङ्गुलीमा र अलावकजस्ता दानवलाई पनि सत्कर्ममा ढाल्न सकिन्छ भन्ने सन्देश बुद्धले दिएका छन् । बुद्धको करुणाज्ञान बौद्ध धर्मावलम्बीका लागि मात्र नभई समग्र मानवका लागि अपरिहार्य छ, बुद्धले आफ्नो दैनिकी नै करुणामय बनाएर जगत्लाई नयाँ बाटो देखाए, भिक्षुसङ्घ एवम् बिहारको स्थापना र विस्तार गरी करुणाज्ञानको सम्प्रसार गरे, करुणाद्वारा पीडित पात्रको उद्धार गरे, दुष्पात्रमा कृपा बर्साए र समस्याको समाधान तथा निष्पक्ष न्याय दिए भन्ने निष्कर्ष यस आलेखले दिन्छ । भोगविना सृष्टि चल्दैन र त्यागविना जीवन बन्दैन । त्यसै कारण सिद्धार्थले यी दुवै काम गरे । भोग दुःखमार्ग हो र त्याग दुःखमुक्ति मार्ग हो । बुद्धको जीवनको समग्र प्राप्ति भनेको भोग, सुख, त्याग, योग, करुणासिद्धि र मुक्ति हो । बुद्धले दुःख सिकाएका छन् । बौद्ध दर्शनले पनि अरूको मुक्तिका लागि तिमी दुःख गर, त्याग गर भन्छ । दुःखबाटै दुःखमुक्तिको मार्ग ठम्याउनुपर्छ भन्ने ज्ञान बुद्धले दिएका छन् । बुद्धबाट सिक्ने भनेको ध्यानले ज्ञान बढ्छ भन्नु, समस्त प्राणीप्रति करुणा राख्नु र निस्वार्थ सेवा गर्नु हो । बुद्धको कृपा, सेवा र उद्धारमा त्याग थियो, स्वार्थ थिएन भन्दै

वर्तमान मानवमा त्यागको भावना उत्पन्न गर्नु यस महाकाव्यको उद्देश्य देखिन्छ । अतः बुद्धकरुणाका दृष्टिले महाकवि घनश्याम कँडेलको *सम्यक् सम्बुद्ध* महाकाव्य नेपाली काव्यसाहित्यको एउटा स्मरणयोग्य, सङ्ग्रहणीय र महत्त्वपूर्ण प्राप्ति बन्न पुगेको छ । नेपाली महाकाव्य जगत्मा पछिल्लो समय देखा परेको उच्च प्राज्ञिक महत्त्वको यस महाकाव्यले बुद्धको जस्तै करुणामय जीवनको आह्वान गरेर गुरु, नेता, शासक र न्यायाधीशमा बुद्धज्ञान र गुणको अपेक्षा गरेको छ भन्ने कुरा यस आलेखले औंल्याएको छ र यो नै यसको मुख्य प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, नारायणप्रसाद (२०७५). *गौतम बुद्ध र उनको धम्मपद.* गोर्खा पब्लिकेसन्स इन्कर्पोरेसन्स ।

अश्वघोष (२०२५). *बुद्ध चरित्र* (अनु. विश्वनाथ शर्मा भट्टराई). नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

कँडेल, घनश्याम (२०७८). *सम्यक्सम्बुद्ध.* ऐरावती प्रकाशन प्रा.लि.।

कोण्डन्य, सम्पा.(२०६०). सम्यक सम्बुद्ध.  धम्म डिजिटल ।

छोग्याल, येस्से (सन् २००२). *गुरु पद्मसम्भव. (*अनु. मुकेश लामा). धर्म लामा ।

दीक्षित, मदनमणि (२०५३). *अमृतत्व र कारुणिकता.* ज्ञानगुन साहित्य प्रतिष्ठान ।

नेउपाने, पशुपति (२०७६). 'प्रमिथस महाकाव्यको परिवेश.' *अपरा* पूर्णाङ्क ३. त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस ।

नेउपाने, पशुपति (२०२२). 'सम्यक् सम्बुद्ध महाकाव्यमा सिद्धार्थको करुणासाधना र अभिप्रेरण' *पाटन प्रस्पेक्टिभ जर्नल,* भोलुम २. पाटन बहुमुखी क्याम्पस ।

लामा, मुकेश (सन् २०२०). *भगवान् सिद्धार्थ गौतम बुद्धको आत्मकथा* (अनु.). युबी प्रिन्टिङ सपोर्ट ।

शाक्य, मीनबहादुर र शाक्य, मिलन (सन् २००७). *मिलारेपाको जीवनी* (अनु.). सिद्धि इन्द्र स्मृति गुठी ।

सांकृत्यायन, राहुल (सन् १९४४–१९९४). *दर्शन दिग्दर्शन.* किताब महल ।

हुमागाई, रामशरणं (२०७८). *दुःखमुक्ति साधना.* सनातन प्रेस ।

Gilbert, P. Ed. (2017 A.D). *Compassion concepts, research, and Applications*. Routledge.

Inamdar, S. Ed.(2005). *Mahatma Gandhi And His Holiness the Dalai Lama, On Non-Violence And Compassion.* Department of information and International Relations, Central Tibetan Administration.

Lama, D. & Cutler, H. C. (1999). *The Art of Happiness.* Hodder and Stoughton.

Lama, D. (2011 A.D). *How to be Compassionate,* Translated and Edited by Jeffery Hopkins, Ph.D., ATRIA Books.

Lama, D. (2010 A.D). *Towards the True Kinship of Faiths.* Clays Ltd, St Ives plc.

Merriman, Leslie A. (2017). *Clarifying the Construct of compassion : Ability to Downregulate Emotion as a Potential Mediator Between Empathic Arousal and Compassion.* PhD Dissertation, Colorado State University.